सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

प.सं. २०८३/८४
च.नं.

मितिः- २०८३।०५।२२

## विषयः सहकारी संस्थाहरूका लागि सूचना ।

यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सहकारी संस्थाहरूले प्रचलित सहकारी सम्बन्धी कानून, नियमावली तथा मापदण्ड बमोजिम देहायका कार्यहरू तोकिएको समयभित्र अनिवार्य रूपमा सम्पन्न गरी सम्बन्धित निकायमा विवरण पेश गर्न सूचित गरिन्छ।

**१. वार्षिक विवरण पेश गर्ने**
सहकारी संस्थाले आफ्नो संस्था सम्बन्धी वार्षिक आर्थिक तथा प्रशासनिक विवरण, सदस्य संख्या, शेयर पूँजी, बचत तथा ऋणको अवस्था, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको विवरण लगायत आवश्यक विवरणहरू तोकिएको समयभित्र, कोपोमिस प्रणाली, नगरपालिका तथा सम्बन्धित नियामक निकायमा पेश गर्नुपर्नेछ।

**२. समयमै लेखापरीक्षण गर्ने**
प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रचलित कानूनबमोजिम योग्य/इजाजतप्राप्त लेखापरीक्षकबाट संस्थाको लेखापरीक्षण समयमै गराई लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ। लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियत तथा सुझावहरू कार्यान्वयन गर्नुपर्नेछ। (असोज मसान्त भित्र)

**३. वार्षिक साधारणसभा समयमै गर्ने**
संस्थाले प्रचलित कानून तथा आफ्नो विनियममा तोकिएको समयभित्र वार्षिक साधारणसभा अनिवार्य रूपमा सम्पन्न गर्नुपर्नेछ। साधारणसभामा वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट लगायत आवश्यक विषयहरू पेश गरी निर्णय गर्नुपर्नेछ। (पुष मसान्त भित्र)

**४. साधारणसभाको विवरण पेश गर्ने**
वार्षिक साधारणसभा सम्पन्न भएपछि सभाको निर्णय, उपस्थित सदस्यहरूको विवरण, माइन्युट, लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको विवरण लगायत आवश्यक कागजातहरू सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्नेछ।

......क्रमश...

प्रमुख प्रशासकीय अधिकृत

सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इटहरीको, मोरङ
प.सं. २०८३/८४
च.नं.
कोशी प्रदेश, नेपाल

**५. नियमित अभिलेख तथा लेखा व्यवस्थापन गर्ने**
संस्थाले सदस्यता, शेयर, बचत, ऋण, नगद तथा बैंक कारोबार, बैठकका निर्णय, साधारणसभा, लेखापरीक्षण लगायतका आवश्यक अभिलेख तथा कागजातहरू अद्यावधिक र सुरक्षित राख्नुपर्नेछ।

**६. सहकारीका नियामकीय दायित्व पूरा गर्ने**
सहकारी संस्थाले प्रचलित कानूनबमोजिम कर, शुल्क, कोपोमिस प्रणालीमा विवरण प्रविष्टि तथा अन्य आवश्यक नियामकीय दायित्वहरू समयमै पूरा गर्नुपर्नेछ।

**७. समयमै विवरण पेश नगर्ने संस्थालाई कारबाही हुने**
तोकिएको समयमा विवरण पेश नगर्ने, लेखापरीक्षण नगराउने, वार्षिक साधारणसभा नगर्ने वा प्रचलित कानून तथा नियामकीय व्यवस्था पालना नगर्ने सहकारी संस्थालाई प्रचलित कानूनबमोजिम **सहकारी संस्थाको अनुगमन, नियमन तथा कारबाही प्रक्रिया अगाडि बढाइने** व्यहोरा समेत जानकारी गराइन्छ।

सहकारी क्षेत्र नेपालको अर्थतन्त्रका तीन खम्बामध्ये एक महत्वपूर्ण खम्बा हो। सहकारी संस्थाको सुशासन, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता कायम राख्न प्रचलित कानूनबमोजिम आफ्ना सम्पूर्ण दायित्वहरू समयमै पूरा गरौं। समयमै लेखापरीक्षण गरौं, समयमै वार्षिक साधारणसभा सम्पन्न गरौं र आवश्यक विवरणहरू समयमै सम्वन्धित निकायमा पेश गरौं।

सबल सहकारी, जिम्मेवार सहकारीकर्मी र सन्तुष्ट सदस्य नै समृद्ध सहकारीको आधार हुन्। अतः आफ्नो दायित्वप्रति जिम्मेवार बनौं र सहकारी क्षेत्रलाई थप सुदृढ बनाऔं।

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत